# तामाकोशी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

जफे, दोलखा

**प्रथम पटक प्रकाशीत मिति** **२०७८।०६।१८**

## औषधी तथा सर्जिकल्स सामग्रीहरु खरिद सम्वन्धी विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना

**बोलपत्र नम्बरः- ०१/NCB/TRM/Goods/ Medicine/ २०७८/७९**

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी तथा सर्जिकल्स सामग्रीहरु खरिद गर्न विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वानको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विद्युतिय खरिद प्रक्रियामा सहभागी हुन चाहने फर्महरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको website centralize EGP Portal www.bolpatra.gov.np/egp मार्फत खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्नको लागि निवेदकले चालु आ.ब. सम्म नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र र २०७६/०७७ को कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपीहरु संलग्न गर्नुपर्ने छ ।

<u>बोलपत्र खरिद गर्ने बैंक खाता सम्बन्धी विवरणः-</u>

बैकको नामः लक्ष्मी बैक तामाकोशी शाखा, दोलखा

तामाकोशी गाउँपालिकाका, गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक राजस्व खाता नं. १२७०३०००१४२

खाता संचालन गर्ने कार्यालयः तामाकोशी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, जफे दोलखा

२. पत्रिकामा सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजे सम्म विद्युतिय खरिद प्रक्रिया मार्फत सहभागी हुने फर्म/ कम्पनीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको website centralize EGP Portal www.bolpatra.gov.np/egp मार्फत PDF format मा upload गर्नुपर्ने छ । दर्ता भएको बोलपत्रहरु सोही दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३ . बोलपत्र दर्ता गर्दा जमानत वापतको रकम रु १२५००० (अक्षेरुपी रु एक लाख पच्चीस हजार मात्र) यस कार्यालयको लक्ष्मी बैंकमा रहेको धरौटी खाता न.१२७०३०००००२३ तामाकोशी शाखा दोलखा मा दाखिला गरेको सक्कलै बैंक भौचर वा सोही रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल राष्ट्र बैंक बाट स्वीकृत प्राप्त 'क' वर्गको वाणिज्य बैंक बाट कम्तीमा ९० दिन सम्म म्याद भएको बैंक जमानी पत्र (बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि थप ३० दिन समेत) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

४. बोलपत्रदाताले कबुल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । बोलपत्रमा केरमेट भएको ठाउँमा सहीछाप नगरेको पाइएमा मान्यता दिईने छैन ।

५. बोलपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधि भित्र एकमुष्ट वा पटक पटक गरि माग गरेको औषधी तथा सर्जिकल्स सामग्री बुझाउनु पर्नेछ र केही अंश अथवा सम्पुर्ण सामग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन/नियमावली वमोजिम कारवाही हुनेछ । सम्पुर्ण करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

६. सप्लाई हुने औषधि Valid WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने र प्रत्येक प्याकेटको बाहिर उत्पादन मिति, म्याद समाप्त मिति एबंम ब्याच नम्बर र नेपाल सरकारबाट निशुल्क वितरण भनि स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ । साथै सप्लाई गरिने औषधीको म्यादको सम्बन्धमा उक्त औषधीको Manufacturing date बाट Expiry date कम्तीमा १८ महिना बाँकी हुँदा स्टोर दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु कुनै पनि हालतमा बुझिलिईने छैन । तर कुनै औषधीको जम्मा Expiry date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry date को ७५% म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।

७. मुल्य अभिवृद्धि कर लाग्ने आइटमको दररेट उल्लेख गर्दा "मुल्य अभिवृद्धि कर बाहेकको" उल्लेख गर्नु पर्नेछ ।

८. यस कार्यालयले तयार पारेको BOQ मा प्रत्येक औषधीको विवरणमा कम्पनिको नाम उल्लेख गर्नुपर्नेछ ।

९. बोलपत्र स्विकृत गर्दा प्याकेजको रुपमा गरिनेछ ।

१०. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ (पछिल्लो संसोधन) र सार्वजनिक खरिद नियमावली, २०६४ (नवौं संसोधन २०७६) तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

११. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

१३. बोलपत्रदाताले यस कार्यालयले तयार गरेको बोलपत्र सम्बन्धी कागजातको प्राविधिक मुल्याङकन र आर्थिक मुल्याङक फारम अनिवार्य रुपमा भर्नु पर्नेछ ।

| क.सं | सूचना नं./प्याकेज | कार्य विवरण | बेलपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१/NCB/TRM/Goods/ Medicine/ २०७८/७९ | **औषधी तथा सर्जिकल्स सामग्री खरिद** | **रु ३,०००।-** | **रु १,२५०००।००** | **मु.अ.कर बाहेक** |

प्रमुख प्रशासकीय अधिकृत